**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- सर्वोच्च अदालतको अदेश पछि चुनाव९ आयोगले राज्यमा जारी एसआईआर सुनवाईलाई २८ फरवारी सम्म बढ़ाएको छ। राज्यका विपक्षी नेता शुभेन्दु अध्किारीले राज्य सरकारले शीर्ष्ज अदालतको आदेशको अवहेलना गरेको गंभीर आरोप लागाउनु भएको द।

- **दक्षिण पुर्व रेलवेले यात्रीहरूलाई राहत दिंदै कोरोना कालमा राज्यका बन्द १२ वटा पेसेन्जर मेमु ट्रेनको यसंचालन १२ फरवरी देखी शुरू गरिने घोश्ज्ञणा गरेको छ।**

- **पश्चिम बंगालको मुर्शिदाबादमा टिएमसी विधायक हुमायँले आज बाबरी मस्जिदको शिलान्र्यास र निर्माण काम शुरू गर्ने घोषाा गरेका छन्। भाजपाले यसको कड़ा आलोयना गरेको छ।**

- **संसदको दुदवै सदनमा केन्द्रिय बजटबारे आज पनि कहस जारी रहनेछ।**
- **नेपालको रामेछापमा सड़क दुर्घटनामा १२ जनाको ज्यान गएको छ।**

**<u>पश्चिम बंगाल-विशेष पुनरीक्षण</u>**

सर्वोच्च न्यायालयको आदेशलाई पालन गर्दै निर्वाचन आयोगले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण-एस आई आर संबंधित मतदाता सूचीको अंतिम प्रकाशनको मिति 28 फरवरीसम्म बढ़ाएको छ । यसभन्दा पहिले , सर्वोच्च न्यायालयले जांचको अवधि सात दिनहरुको लागि बढ़ाउने आदेश दिएको थियो। पश्चिम बंगालमा सुनवाईको चरण 14 फरवरी सम्म पूरा हुन पर्ने थियो।यसभन्दा पहिले , पश्चिम बंगालमा मतदाता सूचिहरुको अंतिम प्रकाशनको लागि 14 फरवरीको मिति निर्धारित गरिएको थियो।

**<u>भाजपा-पश्चिम बंगाल-एसआईआर</u>**

भारतीय जनता पार्टीले पश्चिम बंगाल सरकारमाथि राज्यमा चली रहेको विशेष गहन पुनरीक्षण- एस आई आर प्रक्रियाबारे माइक्रो आब्जर्वरको नियुक्तिलाई लिएर अदालतको अवमानना गरेको आरोप लगाएको छ। राज्यमा विपक्ष दलका नेता सुवेंदु अधिकारीले हिजो तमलुकमा संवाददाताहरूसितको कुराकानीमा मुख्यमंत्री ममता बनर्जीले केंद्र सरकारका कर्मचारिहरूलाई माइक्रो आब्जर्वरको पदबाट हटाउने प्रयास गरीरहेकी छन जबकी सर्वोच्च न्यायालयले राज्यका ग्रुप बी अधिकारिहरूलाई माईक्रो अब्जर्वरको ठाँउमा निगरानीको काम गर्ने निर्देश दिएको छ।

श्री अधिकारीले आरोप लगाए कि पश्चिम बंगाल द्वारा अदालतमा प्रस्तुत ग्रुप बी -का **8 हजार 505** अधिकारिहरूको सूचीलाई त्रुटिपूर्ण बताउँदै भन्नु भएको छ कि यसमा ग्रुप-सी तथा पंचायत कार्यकर्ताहरुको नाम

पनि शामेल गरिएको छ ।उहाँले यसलाई पश्चिम बंगाल सरकारको तर्फबाट न्यायपालिकालाई गुमराह गर्ने प्रयास बताउनु भयो। सुवेंदु अधिकारीले चेतावनी दिनु हुदै भन्नु भयो कि यदि विशेष गहन पुनरीक्षण प्रक्रियामा शामेल अधिकारी, तृणमूल कांग्रेस की राजनीतिक सलाहकार फर्म आई-पैकबाट प्रभावित भेटाइए तब उहाँ न्यायालय जानुहुनेछ।

## दक्षिण पूर्व रेलवे : 12 फरवरी देखिन 12 मेमू ट्रेनहरु संचालन

दक्षिण पूर्वी रेलवे (एसईआर) ले यात्रुहरूलाई राहत समाचार दिएको छ। रेल प्रशासनले कोरोना र प्राविधिक कारणले प्रभावित १२ मेमु प्यासेन्जर ट्रेनलाई12 फेब्रुअरी देखि पुनः सञ्चालनमा ल्याउने निर्णय गरेको छ । रेलवे द्वारा जारी आधिकारिक सूचना अनुसार, यी ट्रेनहरुको परिचालनले खड़गपुर, झारग्राम, पुरुलिया, चक्रधरपुर, राउरकेला र संबलपुर सहित अन्य प्रमुख स्टेशनहरु बीच संपर्क सुगम हुनेछ। रेल सञ्चालन सुरु भएसँगै स्थानीय व्यापारी, वेतनभोगी र दैनिक यात्रु प्रत्यक्ष लाभान्वित हुनेछन्। पुनः बहाल हुने वाली ट्रेनहरुमा खड़गपुर-झारग्राम, झारग्राम-खड़गपुर , झारग्राम-पुरुलिया , पुरुलिया-झारग्राम , चक्रधरपुर-राउरकेला , राउरकेला-झारसुगुड़ा , झारसुगुड़ा-संबलपुर , संबलपुर-झारसुगुड़ा , झारसुगुड़ा-राउरकेला औ र राउरकेला-चक्रधरपुर शामेल छन्।

## एआईको गलत प्रयोग , माध्यमिकका 39 छात्रहरुको परीक्षा रद्द

अफिसको कामदेखि पढाइसम्म हरेक क्षेत्रमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रभाव बढ्दै गएको छ। तर एआई उपकरणको दुरुपयोगका कारण पश्चिम बंगालमा माध्यमिक परीक्षा दिने धेरै विद्यार्थीले यसपटक ठूलो मूल्य चुकाउनु परेको छ ।

पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्ड (डब्ल्यूबीएसई) का अध्यक्ष रामानुज गांगुलीले मोबाइलको माध्यमबाट एआई उपकरणहरू प्रयोग गर्न खोज्दा अहिलेसम्म ३८ देखि ३९ परीक्षार्थीको माध्यमिक परीक्षा रद्द गरिएको बताएका छन् ।रामानुज गांगुलीले मंगलबार बाँकुराको विष्णुपुरमा विभिन्न परीक्षा केन्द्रहरूको निरीक्षण गर्ने क्रममा यो जानकारी दिनु भएका हुन। उनका अनुसार राज्यका विभिन्न भागमा मोबाइलको माध्यमबाट एआईको प्रयोग गरेर परीक्षा लिने घटना सार्वजनिक भएका छन् । यसअघि नै घोषणा गरिएको नियमअनुसार समातिएका सबै परीक्षार्थीको परीक्षातत्काल लागू हुने गरी रद्द गरिएको छ ।यसैबीच, बोर्ड अध्यक्षले यो पनि दाबी गरेका छन् कि यस पटक राज्यमा प्रश्नपत्र लिक गर्ने गिरोहलाई पूर्ण रूपमा नियन्त्रण गरिएको छ। उनका अनुसार परीक्षा प्रणालीलाई पारदर्शी र सुरक्षित बनाउन कडा कदम चालिएको छ ।उता माध्यमिक गणित परीक्षाको प्रश्नपत्रमा गलत प्रश्नको बारेमा फैलिएको भ्रमलाई पनि बोर्ड अध्यक्षले अस्वीकार गरेका छन् । प्रश्नपत्रमा भएको गल्तीका बारेमा अनावश्यक अफबाह फैलाइएको उनले बताएका छन् । अहिलेसम्म यस विषयमा विज्ञहरूबाट कुनै पुष्टि भएको छैन, त्यसैले यस विषयमा अनावश्यक छलफलबाट बच्नु पर्छ भनि उनले बताएका छन् ।

माध्यमिक बोर्डले परीक्षाको पवित्रता कायम राखेको छ र नियम उल्लङ्घन गर्नेहरूविरुद्ध कडा अडान लिइरहेको छ।

## बोकारो पैसेंजर ट्रेनबाट आद्रा पुगिन विधायक अग्निमित्र पाल

रेल मंत्री अश्विनी वैष्णवले हालैमा आसनसोल बोकारो पैसेंजर ट्रेनलाई फेरि संचालन गर्ने घोषणा गर्नु भएको थियो । हिज मंगलवार आसनसोल दक्षिण की विधायक अग्निमित्रा पालले यस पैसेंजर ट्रेनको सवारी गर्नुभयो। यस

अवसरमा उनके साथ यस ट्रेनमा अन्य यात्रीहरु पनि शामेल थिए । विधायकले प्रधानमन्त्री नरेन्द्र मोदी र रेलमन्त्री अश्विनी वैष्णवलाई धन्यवाद दिन चाहेको बताइन् । आसनसोल–बोकारो प्यासेन्जर रेल नभएका कारण दैनिक यात्री लोकल रेलबाट यो रुटमा यात्रा गर्ने भएकाले निकै समस्या भोग्नुपरेको यहाँका मानिसहरुले बताएका थिए। यो रेल बन्द हुँदा उनीहरुलाई समस्या भएको थियो। त्यसैले स्थानीय जनताको अनुरोधमा उनले आद्रा डिभिजनका डीआरएम, दक्षिण पूर्वी रेलवेका महाप्रबन्धकसँग भेट गरेकी थिइन् र यो रेललाई कसरी जतिसक्दो चाँडो पुनः सुरु गर्ने भन्ने कुरा बताएकी थिइन्। उनले यसमा छलफल गरिन। त्यसपछि उनले रेलमन्त्री र प्रधानमन्त्रीलाई पनि अनुरोध गरिन । उनी खुसी छन् कि रेल मन्त्री अश्विनी वैष्णव आफैंले उनलाई फोन गरे र यस ट्रेनको बारेमा जान्न चाहे। त्यसपछि यो रेल फेरि संचालन भएको उनले बताइन । अग्निमित्रा पालले भनिन , 'यो भाजपा हो जसले कुरा कम र काम ज्यादा गर्ने गर्छ । प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भाजपा सरकारले २१ भन्दा बढी राज्यहरूमा जनताको विकास गरिरहेको छ र २०२६ को बङ्गाल विधानसभा चुनावपछि जब बङ्गालमा भाजपाको सरकार बन्छ, यसले विकास कार्यहरूलाई द्रुत गतिमा पूरा गर्नेछ।

**रामेछाप बस दुर्घटना**

नेपालको रामेछाप जील्लामा हिज एक बस दुर्घटनामा 12 मानिसहरुको मृत्यु भएको छ। बस चालक सहित आठ अन्य मानिस घाइते भएका छन्। काठमांडूदेखि ओखलढुंगा गइरहेको बस मंथली नगरपालिकाको मसंतरमा तमाकोशी नदीमा झरेको थियो। पुलिसले बस चालकलाई हिरासतमा लिएका छन्।

**नेपाल पर्यटन विधेयक**

नेपालको राष्ट्रीय सभाले पर्यटन विधेयक, 2081 बीएस पारित गरेको छ। उच्च सदनको बैठकमा संस्कृति, पर्यटन र नागरिक उड्डयन मंत्री अनिल कुमार सिन्हा द्वारा विधेयक पारित गर्नका लागि प्रस्तुत प्रस्तावलाई सर्वसम्मतिले मंजूरी दिएका छन्।

बैठकको अवधि , श्री सिन्हाले सदनलाई सूचित गर्नु भयो कि यो विधेयक नेपाल पर्यटन क्षेत्रमा विविधता ल्याउन र यसलाई बढ़ावा दिनको उद्देश्यले पेश गरिनेछ।

**नारी शक्ति खरसाङ शहर समिति पुनर्गठन**

भारतीय गोर्खा प्रजातन्त्रिक मोर्चाको भातृ संगठन नारी शक्तिको खरसाङ शहर समिति पुनर्गठन गरिएको छ। केन्द्रिय अध्यक्ष अनित थापाको निर्देशनमा खरसाङ नगरपालिका अन्तर्गत एकदेखि बीस नम्बरसम्म वार्डका नारी शक्तिलाई लिएर हिज खरसाङ शहर समिति नारी शक्ति समिति गठनार्थ खरसाङ महकुमा कार्यालयमा सभा सम्पन्न भएको छ। उक्त सभा केन्द्रीय समिति नारी शक्तिका अध्यक्षा अनु प्रधानको अध्यक्षतामा सभा सम्पन्न भएको छ।

**मौसम**

मौसम विभागले आज मेघालयमा बाक्लो कुहिरो लाग्ने संभावना व्यक्त गरेको छ। मौसम विभागले पूर्वी भूमध्यरेखीय हिंद महासागरदेखि दक्षिण-पूर्वी र दक्षिण-पश्चिमी बंगालका खाड़ीका केहि भागहरुका लागि मच्छवाराहरुलाई चेतावनी जारी गरेको छ। विभागले पूर्वी भारतमा अघिल्लो 48 घंटाको अवधि न्यूनतम तापमानमा दुई देखि तीन डिग्री सेल्सियसको वृद्धि हुने संभावना व्यक्त गरेको छ।

****** ○ ******